**Accountability Watch Committee (AWC)**
**जवाफदेहिता निगरानी समिति**

मिति २०८३ वैसाख १०

## जिउनका लागि संघर्ष गरिरहेका लाखौं भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी नागरिकप्रति शत्रुता नसाध्न र समस्याको मानवअधिकारमैत्री समाधान सुनिश्चित गर्न आह्वान।

सुकुम्बासी बस्तीहरू खाली गर्न प्रधानमन्त्री बालेन्द्र शाहले गृहमन्त्रीको हैसियतमा सुरक्षा निकायहरूलाई ठाडो आदेश दिएको भनी मिडियामार्फत सार्वजनिक भएको समाचारप्रति जवाफदेहिता निगरानी समिति र यससँग आबद्ध हामी सामाजिक न्याय र मानवअधिकार अभियन्ताहरूको गम्भीर ध्यानाकर्षण भएको छ।

आम नागरिकको वैधानिक अपेक्षा के हो भने झण्डै दुईतिहाइ बहुमतको संसदीय ताकत भएको रास्वपा सरकारले भूमिहीन सुकुम्बासी समस्याको विधिसम्मत निकास देओस्, लालपुर्जाको आशा र त्रासमा बाँच्न बाध्य बनाइएका लाखौं जनतालाई सामाजिक न्याय सुनिश्चित गरोस्।

एकातर्फ मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट पारित गरिएको १०० बुँदे शासकीय सुधारका कार्यसूचीको ९१ नम्बरमा देशभरका भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको ६० दिनभित्र प्रमाणीकरणको काम सम्पन्न गर्ने र प्रमाणीकरण प्रक्रियाबाट खरो उत्रिएका भूमिहीन सुकुम्बासी परिवारलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा पुनर्वासको व्यवस्था गरी १००० दिनभित्र दिगो समाधान दिने प्रतिबद्धता व्यक्त गरिएको छ; अर्कोतर्फ प्रमाणीकरण र व्यवस्थापनको दायित्वलाई लत्याएर जबर्जस्ती उठिवास लगाउने कुरा विरोधाभाषपूर्ण र विडम्बनापूर्ण छ।

प्रधानमन्त्रीको ठाडो आदेशको आधारमा सुरक्षा निकाय परिचालन गरी जबर्जस्ती उठिवास लगाउने कार्य शासकीय कार्यसूची नं. ९१ कुल्चिने मात्रै होइन, उक्त कार्यले भूमिहीन तथा सुकुम्बासीको पहिचान र व्यवस्थापनका लागि गरिएका संवैधानिक, कानुनी तथा मानवअधिकारसम्बन्धी दायित्वहरूको ठाडो उल्लंघन हुनेछ। विपद्बाट नागरिकलाई संरक्षण दिने दायित्व भएको सरकारले नै विपन्न नागरिकलाई विपद्मा धकेल्ने गरी उठिवास लगाउने कार्य आफैंमा मानवअधिकारको गम्भीर उल्लंघन हो, र यसले अन्ततः सम्मानजनक जीवनयापनका लागि संघर्ष गरिरहेका विपन्न, सीमान्तकृत र बहिष्करणमा परेका भूमिहीन, आवासविहीन एवं जनतालाई आन्दोलित गर्ने, विद्रोह निम्त्याउने तथा दिगो शान्ति र समृद्धिको आकांक्षामा पुनः तुषारापात हुनेतर्फ सम्बन्धित सबै गम्भीर हुन निगरानी समिति आह्वान गर्दछ।

साथै, काठमाडौँ महानगरपालिका र त्यसका तत्कालीन प्रमुख बालेन्द्र शाहसमेतविरुद्धको एउटा मुद्दा (जानुका पोखेल समेत, रिट नं. ०७९-WO-१२६७) मा उच्च अदालत पाटनले मिति २०८० श्रावण १७ मा दिएको परमादेशअनुरूप थापाथली लगायतका सुकुम्बासी बस्तीहरूमा गर्नुपर्ने प्रमाणीकरण एवं पुनर्वासको विकल्पसहितको व्यवस्थापनको काम अहिलेसम्म थाती रहेको र बलप्रयोग गरेर जबर्जस्ती उठिवास लगाउने कार्यले अदालतको अवहेलना समेत निम्त्याउने कुरा पनि स्मरण गराउन चाहन्छौं।

अतः गरिबीविरुद्ध संघर्ष गरिरहेका लाखौं विपन्न भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी परिवारप्रति राज्यले देखाउँदै आएको अन्यायपूर्ण र शत्रुतापूर्ण व्यवहारमा पूर्णविराम लगाउन, नेपालको संविधानको धारा १६, १८, २५, ३६, ३७, ४०, ४२ तथा धारा ५१(ज) को देहाय ११, (ञ) को देहाय ६, ७, ८, ९, १०, ११, भूमि ऐनको सातौँ र आठौँ संशोधन, आवासको हक सम्बन्धी ऐन, २०७५ का दफा ३, ४, ५ र ७, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐनका दफा ३, ४, १२, ४०(ङ) र ४२(ग), नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा

सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धिको धारा ११, तथा सर्वोच्च र उच्च अदालतबाट भूमिअधिकार र आवासको अधिकारका सन्दर्भमा स्थापित विधिशास्त्र, कानुनी सिद्धान्त तथा नजिरसमेतको मर्म र भावनाअनुरूप विधिसम्मत तरिकाले शासकीय कार्यसूचीमा जनाइएको प्रतिबद्धताअनुसार पहिचान, प्रमाणीकरण, पुनर्वास तथा जीविकोपार्जनको वैकल्पिक प्रबन्ध गरी समस्याको दिगो समाधान गर्न निगरानी समिति जोडदार माग गर्दछ।

**जवाफदेहिता निगरानी समितिको तर्फबाट:**

*राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरूः चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, डा. देवेन्द्र प्रसाद अधिकारी, अनुपा अर्याल, ओजस्वी के.सी*